अंक : दुई (२०८१)

1st April -30th June 2024

# पैरवी

## सामाजिक रुपान्तरण: हाम्रो गन्तव्य




















**संयोजन:**
**कमला पोखरेल**

**प्रकाशनमा सहयोग :**
**उषा गाईजु**

ओरेकद्वारा नियमित प्रकाशन हुने पैरवीको यस अंकमा ओरेकले दोस्रो त्रैमाशिकमा सम्पन्न गरेका अभियानहरुको बारेमा जानकारीमुलक क्रियाकलाप समावेश गरेको छ । पैरवीको यस अंकमा विशेष गरी ओरकको बार्षिकोत्सव, महिला मानव अधिकार उल्लंघनका घटना, त्यसमा ओरेकले गरेको खबरदारी, बढ्दो दण्डहीनता, महिला मानव अधिकारका सवाल र सूचनामुलक सामाग्रीको प्रकाशन तथा प्रसारण सम्बन्धि सामाग्रीहरु समावेश गरिएको छ । यसका साथै प्रजनन् स्वास्थ्य र महिला अधिकारको सवाल र विपद्को समयमा लैङ्गिक सम्बेदना र प्रतिकार्यको अवस्था तथा महिला मानव अधिकार र यसको सुनिश्चिताका लागि पैरवीका सवाल सम्बन्धी राष्ट्रिय पत्रिकामा समेटिएका लेखहरु समेत समावेश गरिएको छ ।

# ओरेकको ३३ औ बार्षिकोत्सव सम्पन्न




राजनैतिक, आर्थिक, सामाजिक, रुपान्तरण सहित लैङ्गिक समानता र सामाजिक न्यायको अभियानमा विगत ३३ वर्षदेखि कार्यरत महिला पुनस्थार्पना केन्द्र (ओरेक)ले आफ्नो ३३ औं वार्षिकोत्सव चैत्र १९, २०८० तद्अनुसार ०१ अप्रिल २०२४ का दिन काठमाण्डौंमा सम्पन्न भएको थियो । महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री श्री भगवती चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न संस्थाको वार्षिकोत्सव कार्यक्रममा ओरेकले महिला अधिकार स्थापनाका लागि गरेका आन्दोलन, अभियान र ती अभियानका उपलब्धिहरुको प्रस्तुतिकरण गरेको थियो । बार्षिक उत्सवका अवसरमा संस्थाले ३ दशक भन्दा लामो समयसम्म स्थानीय तथा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा गरेका गतिविधि, प्रभाव, उपलब्धीका साथै संस्थाका भोगाई र सिकाईको झलकहरु प्रस्तुत गरेको थियो । सो अवसरमा संस्थाको सिद्धान्त, ध्येय, उद्देश्य, संस्थागत रणनीति र आगामी बाटो सहितको  जीवन्त कथालाई कलाको माध्यमबाट समेत प्रदर्शनी समेत गरेको थियो । यस कार्यक्रममा सरकारी तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरु, यु. एन एजेन्सीका प्रमुख तथा प्रतिनिधि, ओरेकका कार्यकारी संस्थापक अध्यक्ष, कार्यकारी समिति सदस्य, साधारण सदस्य तथा सल्लाहकारहरु, वर्तमान र भूतपुर्व कर्मचारी, आन्दोलनमा हातेमालो गरेका विभिन्न संघ, संस्था तथा सञ्जालका प्रमुख तथा प्रतिनिधि, महिला अधिकार सुनिश्चितताको अभियानमा अभियानरत अभियन्ताहरु, युवाहरु, लगायत १०३ जनाको उपस्थिति रहेको थियो ।

**"सामाजिक रुपान्तरणः हाम्रो गन्तव्य"** भन्ने नाराका साथ सम्पन्न यस वार्षिकोत्सव कार्यक्रममा ओरेकले हालसम्म महिलावादी आन्दोलनमा गरेको नीतिगत पैरवी, महिला नेतृत्व विकास, प्रभावित देखि परिवर्तनका सम्वाहक निर्माणमा गरेको योगदानको कदर गर्दै आगामी दिनमा सामाजिक रुपान्तरणको अभियानमा थप शसक्त भएर निरन्तर लागी पर्न र त्यसका लागि अभिलेखिकरण, दस्तावेजीकरण र सञ्जालिकरणलाई अवको आन्दोलनको मुख्य रणनीति बनाएर अघि बढ्नु पर्ने पृष्ठपोषण प्रदान भएको थियो । कार्यक्रममा सहभागी आगन्तुक तथा अतिथिहरुले संस्थाले आगामी दिनमा सामाजिक रुपान्तरणका लागि गर्नु पर्ने कार्यका साथै संस्थाले ३३औं वर्ष पार गरिरहँदा राज्य पुग्न नसकेको ठाँउमा पुगेको र राज्यलाई सहयोग गरेकोमा धन्यवाद ब्यक्त गर्दै हालसम्म उपलब्ध गरेको उपलब्धी र आगामी दिनका लागि सुभकामना तथा सुभेक्षाहरु प्रदान गरेका थिए । यसरी सुभकामना प्रदान गर्नेहरुमा महिला आयोग, मानवअधिकार आयोग, राष्ट्रिय योजना आयोग, पालिका उप-प्रमुख, युएन एजेन्सीका प्रमुख तथा प्रतिनिधि, अन्तराष्ट्रिय गैरसरकारी सस्थाका प्रमुख तथा प्रतिनिधि, विभिन्न संजालका प्रमुख तथा प्रतिनिधि समेत रहेका थिए ।






कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष डा. रेणु अधिकारीले संस्थाले ३३ वर्ष पार गरेको भएता पनि सामाजिक रुपान्तरणको सवाल स्थापनाका लागि अझ काम गर्न बाँकी रहेको, महिला अधिकारका सवालहरुलाई राजनैतिक मुद्धाका रुपमा स्थापीत गर्न ओरेकले अझैं आफ्नो यात्रालाई रणनैतिक तवरबाट तय गर्नु पर्ने आवश्यकता र युवा पुस्ताको नेतृत्व स्विकार गरेर अघि बढेको संस्थाले महिलाको यौन तथा प्रजनन् स्वास्थ्य, श्रम, स्वः निर्णय र शरिर माथिको नियन्त्रणको सवाललाई राजनैतिक मुद्धाको रुपमा स्थापीत गर्न जरुरी छ र त्यसमा संस्थाले हालको विश्वव्यापी रुपमा बढ्दै गएको लैङ्गिकता र महिलावाद विरुद्धको जालोलाई चिर्नु आवश्यक रहेको कुरा उल्लेख गर्नु भएको थियो। त्यसका साथै महिलावादी समाज निर्माणका लागि महिलावादीहरु एकवद्ध भएर निरन्तर लाग्नु पर्ने, र परियोजना केन्द्रीत भन्दा पनि सवाल केन्द्रीत भएर अघि बढ्नु पर्ने आजको आवश्यकता भएकाले यसमा आफु र ओरेक सधै एकवद्ध भएर अघि बढ्ने कुरामा प्रतिवद्ध रहेको र त्यसका लागि हाल संसारभर फैलिएको परिवारवादको डढेलोलाई निभाउँदै संरचना र सोचको परिवर्तनको लागि आन्दोलन छेड्न जरुरी रहेको बताउनु भएको थियो । ओरेकले महिलाको विविधता र पहिचान सहित महिलालाई खाद्य, स्वास्थ्य तथा रोजगारीका अधिकार प्राप्त गर्न सहजिकरण गर्ने, लैङ्गिक उत्तरदायी समावेशी शासनका लागि उपयुक्त वातावरण सृजना गर्ने, महिला तथा किशोरीहरुको क्षमता विकासमा सहजीकरण गरी आफ्नो स्व:निर्णयको अधिकार र आफ्नो शरीर माथिको अधिकारका लागि निर्णय गर्न सक्ने क्षमता विकासमा सहजीकरण गर्ने रणनीति लिएको छ । सोही रणनीति अनुरुप संस्थाले आफुलाई सामाजिक आन्दोलनका लागि एक महिलावादी स्रोत केन्द्रको रुपमा स्थापित गर्दै अघि बढाउने र समान उद्देश्य भएका स्थानीय तहदेखि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्मका संघ संस्था तथा संजालहरुसंग सहकार्य र उनीहरुमा रहेको ज्ञान तथा सीपको प्रभावकारी प्रयोग गर्दै आएको छ । महिला अधिकारका सवालहरुलाई स्थापीत गर्नका लागि आगामी दिनमा पनि कटिवद्ध भएर अघि बढ्ने विश्वास दिलाउँदै सामाजिक रुपान्तरणको अभियानमा सरोकारवालाहरुको साथ, सहयोग र ऐक्यवद्धताका लागि संस्था प्रतिबद्ध छ ।

यस कार्यक्रमको सञ्चालन ओरकका कार्यकारी निर्देशक सुनिता मैनालीले गर्नु भएको थियो भने संस्थाका कार्यकारी सदस्य श्री रीता साहले कार्यक्रममा सुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष श्री सविता पोखरेलले गर्नु भएको थियो । ओरेकको वार्षिक दिवस काठमाण्डौ लगायत विभिन्न जिल्लाहरुमा समेत मनाइएको थियो ।







# मानव अधिकार र सामाजिक न्याय

## न्यायका लागि राष्ट्रिय महिला दवाब अभियान सञ्चालन

समुदाय तहदेखि राष्ट्रिय स्तरसम्म न्यायबाट बञ्चित गरिएका र आवाज दवाइएकाहरुको न्यायका लागि बिभिन्न चरणका दवाव र पैरविमुलक कार्यहरु गर्दै नीतिगत परिवर्तन /संसोधन तथा सोच रुपान्तरणका लागि सामुहिक दवाव सृजना गर्दै आएको ओरेकको पहलमा महिला अधिकारको क्षेत्रमा निरन्तर वकालत गर्दै आएका संघसंस्था तथा समूह सञ्जालहरुको संयुक्त प्रयासमा ६ बुँदे माग सहित **न्यायका लागि राष्ट्रिय महिला दवाब अभियान** सञ्चालनमा ल्याएको छ । ओरेकका संस्थापक अध्यक्षताको संयोजकत्वमा सञ्चालन भएको यो अभियान पछिल्लो समयमा बढ्दै गएको महिला माथि हुने हिंसा र विभिन्न वहानामा गरिएको अपराधी संरक्षण हुँदै आएका गतिविधिले महिलालाई न्यायको लागि आवाज उठाउन अझ कठिन हुँदै गएको र न्याय प्राप्तिको अधिकार कुण्ठित भएको स्थितिका बावझुद न्यायमा पँहुच र न्याय प्राप्तिको महसुसिकरणका लागि वि.सं. २०८१ सालको गणतन्त्र दिवसको अवसरमा सञ्चालन गरिएको हो ।

**पछिल्लो समयमा बढ्दै गएको महिला माथि हुने हिंसा र विभिन्न वहानामा गरिएको अपराधी संरक्षण हुँदै आएका गतिविधिले महिलालाई न्यायको लागि आवाज उठाउन अझ कठिन हुँदै गएको र न्याय प्राप्तिको अधिकार कुण्ठित भएको स्थितिका बावझुद न्यायमा पँहुच र न्याय प्राप्तिको महसुसिकरणका लागि वि.सं. २०८१ सालको गणतन्त्र दिवसको अवसरमा संघसंस्था तथा समूह सञ्जालहरुको संयुक्त प्रयासमा ६ बुँदे माग सहित न्यायका लागि राष्ट्रिय महिला दवाब अभियान सञ्चालनमा ल्याएको छ ।**

**"न्यायका लागि राष्ट्रिय महिला दवाब अभियान"**

अभियानका मागहरु

- घरेलु हिंसा सम्बन्धी ऐन २०६६ ले घरेलु हिंसालाई सामान्यीकरण गरेको छ, यसलाई तुरुन्त संशोधन गरी न्यायपूर्ण कानुन ल्याइयोस् । द्रुत न्याय प्रणालीको प्रभावकारी कार्यान्वयन गरियोस् ।
- बलात्कार तथा यौन हिंसाका घटनाहरुमा पीडित तथा प्रभावितलाई सार्वजनिक रुपमा गाली गलौज, चरित्र हत्या गर्ने, मानहानी गर्ने जस्ता कार्यहरु गर्नेलाई कडा भन्दा कडा सजायको व्यवस्था गरियोस् ।
- प्रभावितले सँधै पीडित हुनु पर्ने अवस्थाको अन्त्य गर्दै कानुनको पूर्ण रुपमा कार्यान्वयन गरी दण्डहीनताको अन्त्य गरियोस् ।
- विभेदकारी सोच तथा व्यवहारमा रुपान्तरणका लागि समुदाय तहदेखि सामाजिक रुपान्तरणका अभियानहरु सञ्चालन गरियोस् ।
- सबै खाले विभेदको अन्त्य गरी शक्ति सम्बन्धमा रुपान्तरण गर्न जोड दिइयोस् ।
- हालसम्म सबै तहका अदालतबाट फैसला भएका मुद्धाहरुको कार्यान्वयनको स्थिति पहिचान गरी पीडित तथा प्रभावितले न्याय प्राप्त गर्ने वातावरण तयार गरी त्यस किसिमको व्यवस्था गरियोस् ।

**अभियानमा सबैको ऐक्यबद्धताको लागि आह्वान गर्दछौँ"**

**सम्पर्क व्यक्ति**
**सुलोचना खनाल**
ईमेल; sulochana@worecnepal.org
ईमेल :ics@worecnepal.org
हटलाईन : १६६००१७८९१०
सम्पर्क नं :९८४१७१६६८२


महिला विरुद्धको हिंसा मानव अधिकार हननको सवाल हो, संविधान विपरितको कार्य हो, राज्य विरुद्धको अपराध हो । यसरी राज्य विरुद्धको अपराध भइरहेको अवस्था र संविधान विरुद्धको जघन्य कार्य हुँदा पनि राज्य भने किन मौन छ ? अपराधीहरुलाई संरचनागत संरक्षण किन? भन्ने नागरिकका प्रश्नको जवाफ खोजी गर्ने अभियानका रुपमा सञ्चालित यो अभियान विभिन्न गतिविधिका साथ निरन्तर रुपमा सञ्चालन भइरहेको छ । न्यायका लागि राष्ट्रिय महिला दवाब अभियान समुदाय तहदेखि राष्ट्रिय तहसम्म न्यायबाट बञ्चित पारिएकाहरुको संयुक्त आवाज हो । यो अभियान महिलामाथि अहिले भइरहेका हिंसा, शोषण र विभेदहरु, पितृसत्तात्मक संरचनाको जरो उखेलेर संसारभर बढ्दै गएको विभिन्न खाले जडसुत्रवाद, सैन्यकरणको विरुद्धमा आवाज उठाउने अभियान हो । त्यसैले, महिलामाथि हुने हिंसा, विभेद र शोषण अन्त्य गर्न यस्ता संरचनाहरुमा परिवर्तन गर्नु पर्छ भन्ने मान्यता राख्ने महिलाहरुको संगठित प्रयास यस अभियानको मुख्य ध्येय रहेकाले यो अभियान दण्डहीनताको विरोध गर्दै समानतामा आधारित समाज निर्माणका लागि सबैसंग हातेमालो गरी देशमा सामाजिक रुपान्तरणको आधार तयार गर्ने उपक्रम हो । यो अभियान महिलाहरुलाई न्यायको पहुँचबाट टाढा राख्ने सबै खाले संरचनाहरु र मानसिकताहरुलाई विश्लेषण गरी रुपान्तरणका लागि आवाज उठाउदै सामाजिक रुपान्तरण सहित साँचो अर्थमा संघिय लोकतान्त्रिक गणतन्त्रलाई समुदायदेखि व्यक्तिको मन मस्तिष्कसम्म आत्मसात गर्न सक्ने वातावरण बन्न सके मात्रै समानतामा आधारित न्यायपूर्ण समाज बन्न सक्छ भन्ने मान्यता राख्दै त्यसको लागि प्रयास गर्ने महिलाहरुको अभियान हो ।

# मानव अधिकार र सामाजिक न्याय

## महिला विरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलन सम्बन्धी महासन्धी (CEDAW) विषयक राष्ट्रिय स्तरको कार्यशाला सम्पन्न

महिला विरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलन सम्बन्धी महासन्धी (CEDAW) समितिले नेपाल सरकारलाई दिएको निश्कर्षात्मक सुझावहरुको कार्यान्वयनको अवस्था र सोही आधारमा नेपाल सरकारले सिड समितिलाई पठाएको प्रतिवेदनको समिक्षा गर्दै नागरिक समाजका प्रतिनिधिहरुबाट प्रतिवेदन तयारीका लागि सुझाव संकलन गर्ने उद्देश्यले ओरेकले महिला विरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलन सम्बन्धी महासन्धी (CEDAW) विषयक राष्ट्रिय स्तरको कार्यशाला मे १७,२०२४ मा काठमाण्डौमा सम्पन्न गरेको छ ।  कार्यक्रमले सरोकारवालाहरूलाई लैङ्गिक समानताका वास्तविक सवालहरुको पहिचान गर्ने, चुनौती तथा सुधारका क्षेत्रहरु पहिचान गर्ने तथा सरकारले गरेका प्रतिबद्धताहरूका लागि जवाफदेही बनाउन सरकारको प्रयासहरूको गहिरिएर समिक्षा गर्ने वातावरण सिर्जना गरेको थियो । कार्यक्रममा लैङ्गिक समानताको क्षेत्रमा वकालत गर्दै आएका नागरिक समाजका प्रतिनिधिहरु, अधिकारकर्मीहरु, विभिन्न सामुदायिक संस्था तथा सञ्जालका सदस्यहरु सञ्चारकर्मीहरु गरी जम्मा ३५ जनाको उपस्थिती रहेको थियो ।

कार्यशालमा विशेषगरी महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको परिचय, अद्यावधिक प्रतिवेदनको सम्बन्धि संयन्त्र, नेपाल सरकार महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि प्रतिको दायित्वको औचित्य, महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको अद्यावधिक प्रतिवेदन र गैह्र सरकारी निकायको भूमिका, सिड समितिले दिएका विद्यमान सुझावहरु, सिड समितिले दिएका सुझावहरुको कार्यान्वयनको अवस्था, सातौँ अद्यावधिक प्रतिवेदनको लागि आधारभुत विषय बस्तु जस्तै कोभिड र महिला अधिकार, महिला मानव अधिकार रक्षक, महिला विरुद्धको हिंसा, महिला श्रमिक, महिला स्वास्थ्य सम्बन्धमा छलफल गरी सरोकारवालाहरुको सुझाव संकलन गरिएको थियो । ओरेकले महिला अधिकारका सवालमा सिड छाँया प्रतिवेदन तयार गर्दै आएको छ ।



# मानव अधिकार र सामाजिक न्याय

## महिला मानव अधिकार रक्षक अन्तराष्ट्रिय गठबन्धनहरुको ३ दिने रणनीतिक योजना कार्यशाला काठमाण्डौमा सम्पन्न

महिला मानव अधिकार रक्षकहरू (WHRD-IC) ले विश्वव्यापी रूपमा महिला तथा पछाडि पारिएका समुदायहरुको अधिकारको वकालत र रक्षा गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् । उनीहरुले न्यायपूर्ण र समानतामूलक समाज निर्माणका लिग समाजमा विद्यमान असमान शक्ति सम्बन्ध र संरचनात्मक विभेदलाई चुनौती दिन्छन् । यद्यपि उनीहरुले कामकै आधारमा परिवार, समाज र राज्य पक्षबाट विभिन्न स्वरुपमा जोखिम तथा चुनौतीहरुको सामना गर्दै आएका छन् ।  समाज रुपान्तरणमा उनीहरुको महत्वपूर्ण योगदानको बावजुद, महिला मानव अधिकार रक्षकहरुको काम समाज र राज्य संयन्त्र दुवै तहबाट अवमूल्यन गरिएको छ । मानव अधिकार रक्षकहरुको आन्दोलन भित्रको विभेदले उनीहरुले सामना गर्ने चुनौती र जोखिमहरुलाई थप जटिल बनाएको छ । यी सबै चुनौतीका बाबजुद उनीहरू असमान शक्ति सम्बन्धलाई चिर्दै न्यायपूर्ण समाज निर्माणका लागि आशा र साहसका साथ सघर्षरत छन् ।

यसै अवस्थालाई मध्यनजर गर्दै मे २८ देखि ३०, २०२४ मा महिला मानव अधिकार रक्षक अन्तर्राष्ट्रिय गठबन्धन (WHRD-IC) ले महिला पुनरुथाापना केन्द्र (WOREC) र प्रजनन् अधिकारका लागि महिलाको ग्लोबल नेटवर्क (WGNRR) सँगको सहकार्यमा तीन दिने सफल रणनीतिक योजना रिट्रीट सम्पन्न गरेको छ । विभिन्न देशका महिला मानव अधिकार रक्षकहरू  एकै ठाउँमा भेला भई मानव अधिकारको रक्षामा उनीहरुको सघर्ष र सफलताहरुक कथाहरुयाका अर्कामा आधानप्रधान  गरेर एक अर्कालाई थप प्रोत्साहन गर्ने, आफ्ना कथा, अनुभव र चुनौतीहरु साझा गर्ने तथा उनीहरुबीच एकता र सामूहिक कार्यहरूलाई बढावा दिन सुरक्षित स्थलको सिर्जना गर्ने तथा विश्वव्यापी वहसहरुको ज्ञान, सीप र अनुभव आदानप्रदान गर्दै सुरक्षित स्थानहरू स्थापनाका लागि सहकार्य र रणनीतिहरू निर्माण गर्ने यस कार्यशालाको उद्देश्य रहेको थियो । यस कार्यक्रमले विश्वभरका विभिन्न महिला मानवअधिकार रक्षकहरूलाई एकसाथ भेला गरी, गहिरो संवाद र सहयोगी सत्रहरू मार्फत नयाँ सोचाइ तथा रणनीतिलाई जोड दिएको थियो । अन्त्यमा, सबै सहभागीहरूले संयुक्त रुपमा भविष्यका योजनाहरुलाई  मार्गदर्शन गर्न आफ्नु रणनीतिक योजना निर्माण गरेका थिए ।



# मानव अधिकार र सामाजिक न्याय

## प्रदेश स्तरीय मानव अधिकार रक्षकहरुको समष्टिगत सुरक्षा सम्बन्धी २ दिने पूनर्ताजगी तालिम सम्पन्न

मानव अधिकार रक्षकहरुको समष्टिगत सुरक्षा सम्बन्धि पुनर्ताजगी तालिम अप्रिल २५ र २६, २०२४ मा वर्दिवास, महोत्तरीमा सम्पन्न भएको छ । तालिममा मधेश प्रदेशका सिरहा, जनकपुर, महोत्तरी, सप्तरी, रौतहट, सर्लाही लगायतका जिल्लाहरुबाट २० जना मानव अधिकार रक्षकहरुको सहभागिता रहेको थियो । उक्त तालिममा विशेषगरी मानव अधिकार रक्षकहरुले काम गर्ने क्रममा भोग्नु परेका भौतिक सुरक्षाको जोखिमको सामना गर्न समुदायमा बलियो सञ्जालहरु निर्माण गनुपर्नेमा केन्द्रित गरिएको थियो । यसले आवश्यक परेको समयमा तत्काल सहयोग गर्ने र सम्भावित खतराहरुबाट बचाउन मद्धत गर्दछ भन्ने सवालमा समेत जोड दिदै बढ्दो डिजिटल प्रविधिहरुको प्रयोगसंगै डिजिटल माध्यमबाट हुने जोखिमहरु पनि बढ्दै गएकोले मानव अधिकार रक्षकहरुले आफुलाई यसबाट कसरी सुरक्षित राख्न सक्छन्, कस्ता एपहरु प्रयोगहरु गर्ने, कस्तालाई नगर्ने, एपको प्रयोगमा अपनाउनु पर्ने सावधानीहरु के के हुन् भन्ने बारेमा छलफल गरिएको थियो ।



साथै, तेस्रो सत्रमा मानव अधिकार रक्षकहरुमाथि आउने विभिन्न किसिमका जोखिम तथा असुरक्षाका कारण उनीहरुमा पर्न सक्ने मनोसामाजिक असर र यसबाट बच्नको लागि अपाउनुपर्ने स्वःहेरचाहका उपायहरुको बारेमा विस्तृत छलफल गर्दै विभिन्न अभ्यासहरु गराइएको थियो । मानव अधिकार रक्षकहरुले समुदाय तहमा रहेर संरचनात्मक विभेदका विरुद्धमा निरन्तर आवाज उठाउँदै आएका छन् र सामाजिक न्याय तथा समानताको पक्षमा निरन्तर वकालत गर्न मानव अधिकार रक्षकहरुको महत्वपूर्ण भूमिका रहने  तर यस किसिमको भूमिका निर्वाह गर्ने क्रममा कामकै कारणले मानव अधिकार रक्षकहरु त्यसमा पनि महिला मानव अधिकार रक्षकहरुले विभिन्न हिंसा तथा जोखिमको सामना गर्दै आएका विभिन्न घटनाका आधारमा ओरेकले त्यसको न्यूनिकरण र समाधानका लागि उनीहरुको भौतिक सुरक्षा, मनोसामाजिक सुरक्षा र डिजिटल सुरक्षा सम्बन्धी क्षमता अभिबृद्धिमा निरन्तर सहजीकरण गर्दै आएको छ ।

# मानव अधिकार र सामाजिक न्याय

## दिगोविकास लक्ष्य सम्बन्धि सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०८१ असार १५ र १६ गतेका दिन उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा स्थानिय तहसंगको सहकार्यमा त्यँहाका वालवालिका तथा स्थानीय तहको सहभागितामा दिगोविकास लक्ष्य सम्बन्धि समिक्षा कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रम गैरसरकारी सस्था महासंघ, उदयपुरको आयोजनामा, ओरेक उदयपुरको सहकार्यमा दिगो विकास लक्ष्य ४ का उप–लक्ष्यहरुको स्थानीय तहमा कार्यान्वयनको अवस्थाको बिषयमा पहिचान र सम्बोधन गर्न पहल गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा गैसस महासंघ, स्थानीय गैसस सदश्यहरु, त्रियुगा नगरपालिका पालिका उप–प्रमुख, प्रदेश प्रतिनिधि, नगर सञ्जालका वालवालिकाहरुको सहभागिता रहेको थियो । गैरसरकारी संस्था र स्थानिय सरकारसंगको समन्वयमा अभिवृद्धि गर्नु, नगरस्रतका वालवालिकाहरुको सहभागितामा बालबालिकाको शिक्षाको अवस्था पहिचान गरी प्रतिवेदन तयार गर्नु र दिगोविकास लक्ष्य ४ मा सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाईका अवसरहरु प्रर्वर्धन गर्ने लक्ष्य प्राप्तिका लागि पाचँवटा उप–लक्ष्य पुरा गर्नका लागि स्थानीय सरकारको योजना, कार्यान्वयनमा पहल गर्नु यस कार्यक्रमको मुख्य उपलब्धी रहेको थियो ।

दिगो विकाश लक्ष्यसंग सम्बन्धित वालवालिकाहरु संग अन्तरक्रिया कार्यक्रम रहेको कारण उक्त सवालको बिषयमा प्रस्तुतीकरण गरिएको थियो । कार्यक्रममा बालबालिकाहरुले सवाल पहिचान गरी उक्त सवालको आधारमा दोस्रो दिनको अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रमबाट उच्च शिक्षा हासिल गर्ने उमेर समुहका किशोर किशोरीहरु रोजगार नपाएर बिदेशिनु परेको, गुणस्तरिय शिक्षाको कमी भएको, समुदायमा आर्थिक अवस्था कमजोर भएका कारण बैदेशिक रोजगारमा जान वाध्य, बिद्यालयमा पोषणको व्यवस्थामा कमजोरी रहेको, किसानहरुलाई समयमा उन्नत बिउ तथा मलको उपलब्धतामा केमी हुँदा आधुनिक खेति प्रणालीमा प्रवेश गर्न चुनौति भएको, चेतनामुलक कार्यक्रमहरु शहरी क्षेत्र केन्द्रित बन्दै जानाले गाँउघरमा विकासका कार्यक्रम र आधुनिक प्रविधिबाट बञ्चित हुनुपर्ने स्थिति देखिएको र उचित फोहोर ब्यबस्थापनमा कमी रहको स्थानीय समस्याहरुको पहिचान भएको थियो ।

कार्यक्रममा सहभागी बालबालिकाले स्थानीय सरकारले उद्योग, कलकारखाना स्थापना गर्नु पर्ने, बिपन्न वर्गका बालबालिकालाई निः शुल्क शिक्षा प्रदान गर्नु पर्ने,सबै वर्गका मानिसलाई समान ब्यवहार गर्नु पर्ने, अन्न तथा खाद्यको समान वितरण गर्नु पर्ने, गरिब किसानको पहिचान गरि निःशुल्क मल तथा बिउको वितरण गर्नु पर्ने, उचित फोहोर ब्यवस्थापन गर्नु पर्ने, एउटा रुख काट्नु परेमा १० वटा नयाँ रुखको बिरुवा लगाउनु पर्ने, नागरिकहरुको अर्थपूर्ण सहभागितामा जोड दिनु पर्ने, विपद्को उदरका लागि तयारी अवस्थामा बस्नु पर्ने, न्यायमा सबैको पहुँच हुनु पर्ने, समुदायमा सञ्चालन हुँने कार्यक्रमहरु लागु गर्दा नकारात्मक असर तथा दिगो विकासमा ध्यान दिनु पर्ने, पालिकाले नियमित रुपमा सल्लाह सुझाब संकलन गरी तथा सम्बन्धित सरोकारवालाहरुको भेलाको आयोजना गर्नुपर्ने र सबै सरोकारवालाहरुलाई दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय स्तरमा प्रतिबद्ध गराउने जस्ता सुझावहरु दिएका थिए ।



# मानव अधिकार र सामाजिक न्याय

## महिला अधिकारका सवालमा ओरेकद्धारा नियमित खबरदारी जारी

ओरेकले महिला अधिकार उल्लघनका घटनाहरु प्रति राज्य र जिम्मेवारी निकायको खवरदारीका लागि प्रेश विज्ञप्ति र ध्यानाकर्षण पत्र जारी गर्दै आएको छ । २०८१ जेष्ठ ३१ गते सदनमा संवोधन गर्ने क्रममा सासंद राजेन्द्र के.सी र सासंद योगेन्द्र मण्डलले सम्पूर्ण महिलाको गरिमा र आत्मसम्मानमा गम्भीर आघात पुग्ने गरी दिइएको अभिव्यक्ति प्रति ओरेकले घोर भत्र्सना गरेको थियो । सदनमा, सम्वोधनको क्रममा सांसद राजेन्द्र के.सीले तत्कालिन महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीज्यूलाई लक्षित गरी महिलाहरु असक्षम र संकीर्ण सोँच भएका हुन्छन्, सम्भवतः पुरुष मन्त्री भएको भए यो अवस्था हुँदैनथ्यो भन्ने गरी दिएको अभिव्यक्ति सदियौँदेखि जरो गाडेर बसेको पितृसत्तात्मक तथा संकिर्ण सोच र महिलालाई हेर्ने  विभेदकारी दृष्टिकोणको उपज हो भन्दै देशको संविधान तथा कानून विपरित संसदको गरिमामय सदनमा महिला लान्छित अभिव्यक्ति दिने यस्ता जिम्मेवार भनिएका व्यक्तिहरु विरुद्ध कानुनी प्रक्रिया अगाडि बढाउन जोडदार माग गर्दै आगामी दिनमा सदन तथा सडकमा दिईने अभिव्यक्तिहरुमा लैङ्गिक गरिमा, सम्मान र मर्यादा कायम राख्न अपिल गरेको थियो ।


त्यसैगरी, सप्तरी जिल्लाको महादेवा गाउँपालिकामा ओरेकद्धारा सञ्चालित महिलामैत्री स्थल (स्नेह केन्द्र) मा कार्यरत महिला कर्मचारीहरु/महिला मानव अधिकार रक्षकहरुलाई लक्षित गरी रातिको समयमा मिति २०८१ असार ०९ गते आइतबार पाँच जनाको समूहमा आएका पुरुषहरुले गरेको अश्लिल गाली वेइज्जती, धम्की तथा यौनजन्य दुर्व्यवहारको घटना प्रति जिम्मेवार राज्यका निकाय प्रति महिला पुनरुथापना केन्द्र (ओरेक) ले गम्भीर ध्यानाकर्षण  गराएको थियो र यस घटनाले न्याय र समानताको पक्षमा बहादुरीका साथ अग्रपङ्तीमा खडा हुने महिला मानव अधिकार रक्षकहरुले सामना गर्नुपरेको जोखिम र हिंसालाई उदाङ्गो पारेको कुरा उल्लेख गर्दै राष्ट्रिय मानव अधिकार आयोग, केन्द्र तथा मधेश प्रदेश, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, महोत्तरी, प्रदेश प्रहरी कार्यालय, मधेश लगायतमा ध्यानाकर्षण पत्र बुझाइएको थियो ।

त्यसैगरी, बैशाख १२,  गते मटिहानी नगरपालिका–६ को जरलहवा गाछी गाउँमा भिषण आगलागीबाट ऐलानी जग्गामा बसोबास गरिरहेका सिमान्तकृत मुस्लिम र दलित समुदायका व्यक्तिहरु प्रभावित भएकोमा पनि ओरेकको  गम्भिर ध्यानाकर्षण भई सम्बन्धित निकायमा आवश्यक सम्बोधन यथाशिघ्र गर्नका लागि ध्यानाकर्षण गराएको थियो । प्रभावित क्षेत्रमा  तत्काल स्थलगत अनुगमन गरी ओरेकका तर्फबाट गर्भवती तथा सुत्केरी महिला, किशोरी बालबालिकाहरु बढी जोखिममा रहेको, बालबालिका तथा नवजात शिशुलाई  लिएर खुल्ला आकाशमुनी रात बिताउनु परेको पिडा सुत्केरी महिलाहरुले भोगिरहेको, यस्तो अवस्थामा किशोरी तथा महिला माथि हुने हिंसाको जोखिम बढेको,  प्रभावितका लागि सुरक्षित आवास तथा पोषणयुक्त खानाको व्यवस्था समयमा नै हुन नसकेको,  राहतमा सुख्खा चिउरा र सम्पुर्ण भाडाँकुडाँ डढेको समयमा पनि पिडितलाई पिठो उपलब्ध गराएर असंवेदनशिल रुपमा राहत वितरण गरिएको माथि ध्यानाकर्षण भएको कुरा उल्लेख गर्दै राज्यद्धारा गरिने  प्रतिकार्यका योजना बनाइरहँदा महिला मैत्री दृष्ट्रिकोणबाट तत्काल प्रति कार्य तथा योजना बनाइनु पर्ने माग राखिएको थियो ।


महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)


महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)


महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)


महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

# मानव अधिकार र सामाजिक न्याय

## महिला मानव अधिकार रक्षकहरुमाथि भएको हिंसाको घटनामा राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायमा ध्यानाकर्षण

मानव अधिकारको संरक्षण सम्बर्दन निरन्तर वकालत गर्दै सामाजिक न्याय तथा समानताको लागि संघर्षरत महिला मानव अधिकार रक्षकरुले अफ्नो कामको कारणले विभिन्न प्रकारका हिंसा तथा चुनौतीहरुको सामना गर्दै आएका छन् । यसै सन्दर्भमा मिति २०८१ असार ९ गते आइतवार मधेश प्रदेशको सप्तरी जिल्लाको महादेवा गाउँपालिकामा ओरेकद्धरा सञ्चालित महिलामैत्री स्थल (स्नेह केन्द्र) मा कार्यरत महिला कर्मचारीहरु/महिला मानव अधिकार रक्षकहरुलाई लक्षित गरी रातिको समयमा ५ जनाको समूहमा आएका पुरुषहरुले गरेको अश्लिल गाली वेइज्जती तथा यौन दुर्व्यवहारको घटना र मे २०२४ मा महोत्तरीको मटिहानी गाउँपलिका वडा नं ६ को जलरहवा वस्तीमा रहेको महिला मैत्री स्थल (स्नेह केन्द्रमा) मा कथित दलित कर्मचारी राखेको भनि स्नेह केन्द्रमा कार्यरत महिला कर्मचारीहरु/महिला मानव अधिकार रक्षकहरुलाई विभिन्न प्रकारका गाली गलौज तथा दुर्व्यवहार गर्दै पटक पटक मार्ने धम्की दिएको र घरमा कथित दलित कर्मचारीको प्रवेशमा रोक लगाई स्नेह केन्द्र राखिएको ठाउँ छोड्न बाध्य बनाइएको घटनाको सम्बन्धमा गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, जिल्ला प्रशासन कार्यालय, धनुषा र सप्तरी, मधेश प्रदेश मानव अधिकार आयोग र घटना भएको सम्बन्धित पालिका तथा वडामा ध्यानाकर्षण गराईको छ । साथै यसै घटनाको सम्बन्धमा यु .एन का विशेष प्रतिवेदकलाई प्रतिवेदन पठाएर अन्तराष्ट्रिय निकायमा ध्यानाकर्षण गराइएको छ । यस सम्बन्धमा जिम्मेवार निकायको ध्यानाकर्षण भई आरोपितलाई कानुन वमोजिमको कार्यवाहीका लागि पहलकदमी भएको र प्रभावित तथा पिडितले न्याय पाउन सफल भएको छ ।

# पर्यावरणीय न्याय र महिला नेतृत्व



## महिलावादी सहभागितामुलक कार्यात्मक अनुसन्धान कार्यशाला सम्पन्न

यौन तथा प्रजनन् स्वास्थ्य सेवाहरूको उपलब्धता र यसको पहुँचको स्थिति विश्लेषण, प्रारम्भिक निष्कर्षहरूलाई सरोकारवालाहरु समक्ष साझा गर्ने तथा, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार भित्र सरोगेसी र निः सन्तानपनाको उपचार सहित कृतिम गर्भधारण सम्बन्धमा र यसको सवालमा आगामी कार्यदिशाका बारेमा मानव अधिकार संगठनका प्रतिनिधिहरूसँग छलफल गर्ने उद्देश्यका साथ मोरङ जिल्लामा १९ अप्रिल २०२४ एक दिने कार्यशाला सम्पन्न भयो । कार्यशालामा राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकार रक्षक सञ्जाल, विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय साझेदार र सरोकारवाला निकायहरु र पत्रकार लगायतका ४० प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



यस कार्यशालामा विशेषतः कार्यशालाको पृष्ठभूमि र प्रारम्भिक निष्कर्षहरू प्रस्तुत गरेपछि यौन तथा प्रजनन् स्वास्थ्य भाग/सवाल भित्र निः सन्तानपना, कृतिम गर्भधारण र सरोगेसीको अवस्थालाई लिएर सहभागिहरुमा मोरङ जिल्ला र नेपालभरका लागि थप चिन्तित थिए। अधिकांश प्रतिनिधिहरूले सरकारले NDHS जस्ता सर्वेक्षणबाट नि: सन्तानपनाको तथ्याङ्क सङ्कलनमा प्राथमिकता दिनुपर्नेमा जोड दिए र सोही अनुसार हेरचाह र उपचारका लागि समावेशी कानून र नीतिमा ध्यान दिनुपर्नेमा जोड दिए। साथै, सहभागीहरूले नि: सन्तानपनालाई महिला अधिकार र मानव अधिकारको ढाँचा मार्फत सरोगेसी सहित यौन तथा प्रजनन स्वास्थ्य अधिकारमा सहयोग पु¥याउने विषयमा छलफल गरिएको थियो ।

सहभागीहरुका अनुसार पछिल्ला दिनमा समाजमा सरोगेसीको प्रचलन बढ्दै गएको, धनीले गरिबको शोषण गर्ने कुराको रूपमा यसलाई लिइएको तर कुन सरोगेट आमाको प्रयोग भइरहेको छ भन्ने बारेमा भने थाहा नहुने गरेको छ । कार्यशालामा रहकी एक सहभागीले समुदायमा अभ्यास भएको घटनालाई उदाहरणका रुपमा दिदै "मेरो साथीको विवाह भएको १०–११ वर्ष भयो तर बच्चा छैन । उनको श्रीमान् एक मात्र छोरा हो; जसका कारण डिप्रेसनको औषधि सेवन गर्न थालेको भन्दै यहाँ सन्तान जन्माउन सम्भव नभएकाले क्यानडा जाने योजना बनाएको बताइन् । त्यसकारण, मुख्य मुद्दाहरू पितृसत्तात्मक मानसिकता र सरोगेसीको कानुनी पक्ष हुन् । अन्ततः, प्रश्न सबैका लागि सरोगेसीलाई कसरी वैध बनाउने भन्ने हो। यसलाई वैधानिक बनाउन हामीले हाम्रो समाजका विभिन्न जातजाति, धर्म र सांस्कृतिक पक्षहरूलाई विचार गर्नुपर्छ। सरोगेसी आमाहरूलाई प्रायः नकारात्मक रूपमा हेरिएको छ , र समाजले सरोगेसी मार्फत जन्मेका बच्चाहरूलाई परिवारमा स्वीकार गर्न गाह्रो छ। यदि हामीले यी मुद्दाहरूलाई वैधानिकीकरण र सकारात्मक रूपमा हेर्न सक्यो भने, यो फाइदाजनक हुनेछ। त्यसैगरी, हामीले निसंतानपना सम्बन्धी कानूनको स्थापना र निर्माणका लागि वकालत गर्नुपर्छ ।

यस कार्यशालामा पृष्ठभूमि र प्रारम्भिक निष्कर्षहरू पश्चात यौन तथा प्रजनन् स्वास्थ्यका सवाल र त्यस भित्र पर्ने नि:सन्तानपना, कृतिम गर्भधारण र सरोगेसीको अवस्थालाई लिएर सहभागिमा मोरङ जिल्ला र नेपालभरका लागि थप चिन्तित भएको देखिएको थियो । अधिकांश सहभागीहरुले सरकारले नेपाल जनसांखिकिय सर्वेक्षण जस्ता सर्वेक्षणबाट नि:सन्तानपनाको तथ्याङ्क सङ्कलनमा प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए र सोही अनुसार हेरचाह र उपचारका लागि समावेशी कानून र नीतिमा ध्यान दिनुपर्नेमा जोड दिएका थिए । साथै, सहभागीहरूले नि: सन्तानपनालाई महिला अधिकार र मानव अधिकारको रुपम लिदै सरोगेसी सहित यौन तथा प्रजनन् स्वास्थ्य अधिकारमा सहयोग पु¥याउने विषयमा छलफल भएको थियो ।

## यौन तथा प्रजनन स्वास्थ्य अधिकार र निः सन्तानपनाका सवाल केन्द्रीत पत्रकार अभिमुखीकरण कार्यक्रम सम्पन्न



यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, बाँझोपनका समस्या र पत्रकारको भूमिका विषयमा धारणा र बुझाई विकास गर्ने उद्देश्यले २०२४ मे १० का दिन मोरङ जिल्लामा अवस्थित ३९ जना पत्रकारलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । नेपाल पत्रकार महासंघको समन्वयमा सम्पन्न यस कार्यक्रममा  यौन तथा प्रजनन् स्वास्थ्य अधिकार र निःसन्तानपनाका सवालमा अनुसन्धानका गतिविधिहरूलाई प्रभावकारी बनाउन  के कस्ता गतिविधि गर्न जरुरी रहेको छ भन्ने सवालमा छलफल भएको थियो । सूचना प्रवाह गर्न र सार्वजनिक धारणालाई आकार दिन पत्रकारहरुको निर्णायक भूमिका रहने भएकाले उनीहरूको अन्तर्दृष्टिले यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार र निःसन्तानपनाका समस्याहरूलाई मिडिया मार्फत कसरी पैरवी गर्ने भन्ने नै अभिमुखिकरणको मुल उद्देश्य रहेको थियो ।

अभिमुखीकरणका सहभागीहरुले “नेपालले निःसन्तानपना, हेरचाह र उपचार सम्बन्धी कानून लागू गर्न आवश्यक भएको, भारतमा बच्चा जन्माएपछि नेपाली सरोगेट आमाले १ लाख मात्र पाउने गरेको, सेरोगेट आमाले पाउने सेवाहरुमा बढी बिचौलियाहरूले लिने गरेको र व्यवस्थापनका नाममा सहयोग रकम विभाजित हुने गरेको र नेपालमा सरोगेसीलाई कानुनी मान्यता नदिनुले सरोगेट आमाले पूरा १० लाख नपाउने गरेको तथ्यहरु बताएका थिए ।  यसका साथै सहभागीहरुले सेरोगेट आमाहरुलाई दिने गरेको रकम सबै नेपालमा नै पाए यसले भारत जाने बाध्यता हटाउँने र महिलाको ज्यानमा पर्ने जोखिम कम हुने कुरा बताएका थिए । त्यसैले सरोगेसीलाई कानुनी मान्यता दिनुपर्छ भन्ने कुरामा पत्रकार सहभागीहरुको धारणा रहेको थियो ।

# पर्यावरणीय न्याय र महिला नेतृत्व

## समान विचारहरू विकास गर्न सामुदायिक संस्था र महिला नेतृत्व संस्थासँग अन्तरक्रिया सम्पन्न

सन् २०२४ जुलाई १३ र १८ जुलाई २०२४ मा मोरङ जिल्लाको बेलबारीमा कानेपोखरी महिला महासंघ र उज्यालो महिला महासंघको सहकार्यमा स्थानीय महिलाले नेतृत्व गरेका सामुदायिक संस्थाका प्रतिनिधिको सहभागितामा महिला प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी दुई वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । यौन तथा प्रजनन् स्वास्थ्य अधिकार, निः सन्तानपना र यसको उपचार, महिला अधिकार दृष्टिकोण मार्फत कानूनी पक्षहरूमा पारस्परिक समान बिचार विकास गर्न यस किसिमको अन्तरक्रिया कार्यक्रम संचालन  गरिएको थियो ।

कार्यक्रममा सहभागीले "महिलामा भएको चेतनाको स्तर पुरुषमा पनि उत्तिकै हुनुपर्छ र मात्र त्यो सम्बन्ध बलियो हुन्छ ।  बाँझोपन र छोराछोरी जन्माउने विषय महिलाको गल्ती होइन भनी बुझ्न पुरुषहरूलाई पनि यी कुराहरूमा उन्मुख र सचेत बनाउनुपर्छ, तब मात्र समाजमा रहेको पितृसत्तात्मक मानसिकताको अन्त्य हुन सक्छ; यो चेतना बिना, यो सम्भव छैन । महिला समाजसेवीहरु आफ्नो कामको लागि लक्षित छन् र यस किसिमका महिलाका सवालमा आफ्नो आवाज उठाइनै रहेका हुन्छन्, तर यौन र प्रजनन् अधिकारको कुरा गर्दा उनीहरू बढी जोखिममा हुन्छन् ।" कार्यक्रमका सहभागी महिलाहरुले समाज र परिवारमा आफूले सामना गर्ने प्रतिक्रिया र महिलाको शरीरसँग सम्बन्धित कलंकको बारेमा पनि जानकारी गराएका थिए ।  यस किसिमका अन्तरकृया कार्यक्रमका माध्यमबाट सहभागीहरूले महिला प्रजनन् स्वास्थ्य अधिकार, बााझोपना, एआरटी, सरोगेसी, र विद्यमान कानून र नीतिहरू आदिका साथै महिला महासंघ, समुदायमा महिला समूहहरू, र महिला सहकारीहरू बीचको ज्ञान वा जानकारीको स्तरलाई बढावा दिएको थियो । यस किसिमका सवालमा पैरवीको आवश्यकता भएको र एकवद्ध भएर लाग्नु पर्नेमा जोड दिएको थियो ।



## जलवायू न्यायका लागि युवा आवाज, कृषि युवा नेतृत्व सम्मेलन  सम्पन्न

जुन २८, २०२४का दिन जलवायू न्यायका लागि अन्तर्पुस्ता नेतृत्व विकास गर्ने उद्देश्यले चितवनको कृषि तथा वन विश्वविद्यालयमा तेस्रो कृषि युवा नेतृत्व सम्मेलन (3rd AG Youth Leadership Summit-AGY) करिब १५० जना युवा, जलवायू न्याय अभियन्ता तथा कृषि क्याम्पसहरुको सहभागितामा सम्पन्न गरिएको थियो । उक्त कार्यक्रमको संयोजन विभिन्न संघ संस्थाहरुको सहकार्यमा 4-H नेपालले गरेको थियो । यस कार्यक्रममा ओरेकका कार्यकारी निर्देशक सुनिता मैनालीले जलवायू न्याय र कृषिका बिषयमा प्रस्तुतिकरण गर्नुभएको थियो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र (१९४८) को आर्टिकल १ ले हरेक मानिसहरु जन्मदै आत्म–सम्मान र अधिकारमा समान र स्वतन्त्र छन् भनि संबोधन गरेको अवस्थामा र नेपालको संबिधानले पनि हरेक व्यक्तिको समानता, स्वास्थ्य, सम्मानपुर्वक बाच्न पाउने हक, स्वच्छ वातावरणमा बाच्न पाउने हक जस्ता हकहरुलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको स्थिति रहेको तर हालको जलवायू परिवर्तन र वातावरणिय ह्रास हुँदै हुदै उल्लेखित अधिकार नागरिकले अनुभुत गर्न नसकेको अवस्थामा र जलवायू न्यायलाई नागरिक अधिकारका रुपमा स्थापीत गर्न र यसका लागि युवाको भुमिकाका विषयमा जानकारी गराउनु यस सम्मेलनको मुख्य उद्देश्य रहेको थियो ।

# पर्यावरणीय न्याय र महिला नेतृत्व







उक्त प्रस्तुतिकरणमा हालको जलवायू परिवर्तन तथा वातारणिय ह्रास , नाफा कमाउने उद्देश्यले श्रोत–सम्पन्न व्यक्ति र राष्ट्रहरूद्वारा गरिएको प्रकृति शोषणको परिणाम हो, जसले सिमान्तकृत, आदिवासी, किसान र त्यसमा पनि महिलाहरु बढी प्रभावित भएका छन् भन्ने सवालमाथि प्रकाश पारिएको थियो । यसका साथै उक्त प्रस्तुतिकरणमा जसकारणले जलवायू तथा वातावरणलाई हानी पु¥याएका छन् तिनीहरूले जिम्मेवारी बहन तथा जवाफदेहि हुनु पर्ने र सीमान्तकृत समुदायहरूले पुनःवितरणमुखी  अवधारणा मार्फत ऐतिहासिक विभेदको क्षतिपूर्ति पाउनु पर्नेमा समेत जोड दिइएको थियो ।  यसका साथै उक्त प्रस्तुतिकरणमा बढ्दो वातावरणीय संकटको सामना गर्न र प्रतिकूल परिस्थितिमा जुध्नका लागि कृषकहरूलाई सीप, औजार, स्रोत र अनुकूलन विधिहरूको पहुँच सहज बनाउनु पर्छ भन्ने बिषयमा छलफल गरिएको थियो ।

जलवायू न्याय महिलावादी आन्दोलन, कृषि–पर्यावरणिय अवधारणा, किसानको अनुभवमा आधारित रैथाने सिप र ज्ञानको प्रर्वर्धन, समता, सामुदायिक आन्दोलन सहितको एकिकृत अवधारणाबाट मात्र सम्भव छ जसका लागि अन्तर्पुस्ता नेतृत्व आवश्यक हुन्छ भन्ने सम्मेलनमा ओरेकको  निश्कर्ष रहेको थियो ।

## बहु–आयामिक विभेद चिर्दै स्नेह अभियान (विपद् प्रतिकार्य सेवा) सञ्चालन

अप्रिल, २०२४ मा ओरेकले महोत्तरी तथा सप्तरी जिल्लामा भएको भिषण आगलागी प्रभावित मटिहानी नगरपालिका–६, र महादेवा गाउँपालिका–१ मा स्नेह केन्द्र सञ्चालन गरेको छ । यस स्नेह केन्द्रबाट विपद् प्रभावित महिलाहरुलाई मनोविमर्श, पोषणयुक्त खाना, आवास, जस्ता सेवा प्रदान गर्नुका साथै प्रभावित महिलालाई विपद्सँग जुध्ने प्रतिरोध क्षमता विकास गरी आन्तरिक स्रोत माथिको पहुँच स्थापित गर्नका लागि एक सुरक्षित तथा सम्मानित वातावरण प्रदान गर्दछ । ओरेकले सञ्चालन गरेको स्नेह केन्द्रले महिलाका लागि आफ्नो मनका भावना सम्मानित रुपले प्रस्तुत गर्ने स्थान प्रदान गरेको छ । जसकारणले गर्दा प्रभावित महिलाको जीवनका अनुभवहरुलाई संरचनात्मक विभेदले पारेको प्रभाव विश्लेषण गरी सोही अनुरुपको सेवा प्रदान गर्न र सामाजिक विभेद विरुद्ध आवाज उठाउनका लागि स्नेह केन्द्र प्रवेश विन्दू बनेको छ ।

महोत्तरी तथा सप्तरीको आगलागि प्रभावित क्षेत्र बिशेषगरी मधेसी, दलित तथा मुस्लिम समुदायको बसोबास भएको क्षेत्र हो, जुन समुदाय ऐतिहासिक विभेद र सिमान्तिकरणको कारण सेवा तथा सुचनाको पहुँचबाट पछाडि पारिएको छ । भुमिहिनता,

# पर्यावरणीय न्याय र महिला नेतृत्व






जातिय विभेद, छुवाछुत, शिक्षा तथा स्वास्थ्य सेवाको कमी, यौन तथा प्रजनन् स्वास्थ्य समस्या, लैङ्गिक हिंसा जस्ता संरचनात्मक र विभेदलाई अझ आगलागी जस्तो विपद्ले झनै बढावा दिएको छ । यद्यपी, छोटो समयमा पनि केही रुपान्तरणकारी पहलहरु भएका छन् । उदाहरणका लागि औपचारिक शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुलाई शिक्षा दिने उद्देश्यले सञ्चालन गरिएको बाल सिकाई केन्द्र, महोत्तरीमा ४–१९ बर्ष सम्मका कहिले पनि विद्यालय नगएका बालबालिका तथा किशोरीहरु ३ महिनादेखि नियमित शिक्षा लिइरहेका छन् । ति मध्ये ५ जना बालबालिकाहरुलाई विद्यालयसँग सहकार्य गरी विद्यालयमा भर्ना समेत गरिएको छ । यसैगरी यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी अभिमुखिकरण पश्चात् सामाजिक सांस्कृतिक मुल्यमान्यताको कारणले परिवार नियोजनको साधन प्रयोग नगरेको र ६– १० जना सम्म बच्चा भएका ५ जना महिलाहरुले परिवार नियोजनको साधन प्रयोग गर्न थालेको पाइएको छ । सामाजिक सांस्कृतिक रुपान्तरण पक्कै पनि सहज प्रकृया होइन तर निरन्तरको समुदायसँगको नजिकपना र स्नेह केन्द्र महिलाको भरोसाको स्थल बन्न सफल भएकाले नै यो सम्भव भएको हो ।

यसैगरी रुकुम–जाजरकोटको भुकम्प लगत्तै प्रतिकार्यको गतिविधिहरु चलिरहँदा सरकार, दातृ निकाय तथा सरोकारवालाहरुबाट तत्काल प्राप्त हुने राहतमा सबैको पहुँच सुनिश्चित हुन सकेको थिएन तर पनि आपत्कालिन अवस्थामा केही हदसम्म धेरैजसोले सो सहयोग प्राप्त गर्न सकेका थिएनन् । भुकम्प गएको केहि समय वितिसक्दा समुदाय विस्तारै पुनर्आवस्थामा फर्किने प्रयास गर्दै छ र सहयोगी निकायहरु पनि प्रतिकार्यबाट पुनर्उत्थान तर्फ बढिरहेका छन् । यद्दपी समाजमा रहेको असमान शक्ति सम्बन्ध र विभेदकारी प्रवृत्तिका कारण पछाडि पारिएका वर्गहरु जस्तैः महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत समुदाय, भुमिहिन व्यक्तिहरु ती पुनर्उत्थानका योजनाहरुमा विभिन्न संरचनात्मक विभेद र प्रणालिगत विभेदका कारण समेटिन नसकेको स्थिति छ । समुदायममा रहेका सिमान्तकृत समूदायका अधिकार्य व्यक्तिहरुसँग अत्यावश्यक दर्ताका कागजातहरु जस्तै नागरिकता, जन्मदर्ता, विवाहदर्ता आदि नहुँदा यस्ता सेवा र सहयोगहरुबाट थप बन्चित हुन परेको अवस्था समुदायमा देखिन्छ । यसले गर्दा सिमान्तकृत वर्गहरुले भोग्दै आएको असमानताको खाडल झन ठुलो भएको र उनीहरुमाथि थप वहुआयमिक नकारात्मक प्रभावहरु परेको छ । महिला र किशोरीहरुको नागरिकता, जन्मदर्ता, विवाहदर्ता जस्ता अत्यावश्यक दर्ताका कागजहरु नहुनु र फल स्वरुप विपद् पश्चातको सेवा र सहयोगका साथै मानव अधिकार भित्र पर्ने संविधान प्रदत्त अधिकारहरु जस्तैः जमिन तथा सम्पत्ति माथिको हक, उच्च शिक्षाको अधिकार,बाट पनि बञ्चित हुनु त्यो बहुआयामिक प्रभावको प्रतिनिधीमुलक उदाहरण हो । यस्ता वर्गमा पर्ने व्यक्तिहरुको विशिष्ट आवश्यकता र अवस्थालाई मध्यनजर गरी विपद् प्रतिकर्यका कार्यक्रम हरु गरिरहदा सरकार तथा सरोकारवाला निकायहरुले



# पर्यावरणीय न्याय र महिला नेतृत्व

पनि सम्वेदनशिल भई दिर्घकालिन सहयोग प्रणालिको निर्माण गर्दा यस्ता समस्याहरु भोगिरहेको वर्गलाई समेटी पुनर्उत्थानको लागि समावेशी र प्रभावकारी कार्ययोजना बनाउन आवश्यक देखिन्छ ।

यस परिवेशमा ओरेकद्वारा सञ्चालित स्नेह केन्द्र (महिला मैत्री स्थल) बाट प्रदान भईरहेको सेवाहरु (खाना, अस्थाई आवास, मनोविमर्श) को निरन्तरता सँगै अत्यावश्यक दर्ताका दस्तावेजहरु नहुँदा थप समस्या भोगिरहेका प्रभावित महिला तथा किशोरीहरुको आवाश्यक कागजातको लागी पैरवी गर्ने कार्य पनि सँगै अघी बढेको छ । यसै अन्तर्गत अहिलेसम्म चार जनाको नागरिकता, ५ जनाको जन्मदर्ता र १ जनाको विवाह दर्ता बनाउन सफल भएको छ । यस्ता घटना र प्रभावितहरु समाजमा धेरै रहेको र यस्ता व्यक्तिहरुलाई विपद्ले पार्ने असमान असर प्रति गम्भिर विचार गर्दै यस्तो अवस्थालाई कसरी सहजिकरण गर्न सकिन्छ भन्ने बारे सम्वेदनशिल भई मन्थन गरी कार्ययोजना बनाउन अत्यावश्यक देखिन्छ ।

कुनै पनि विपद्ले पछाडि पारिएको समुदाय तथा सिमान्तकृत व्यक्तिहरुमा असमान प्रभाव पार्दछ । ऐतिहासिक रुपले संरचनात्मक तथा बहु–आयामिक विभेद भएको समुदायको यस्ता विपद् बाट पहिलेकै स्थितिमा फर्कनका लागि प्रतिरोध क्षमता कमजोर बनाइएको हुन्छ । जसकारणले गर्दा विपद्का असरहरु र विद्यमान सामाजिक प्रणालीगत विभेदहरु अन्तर्सम्बन्धित भई लामो समय सम्मका लागि उक्त समुदायलाई प्रभाव पार्दछ । ओरेकले भुकम्प, बाढी, आगलागी जस्ता विपद् पश्चात समयमा विशेष आवश्यकता भएका महिला तथा किशोरीलाई केन्द्रमा राखेर स्नेह अभियान मार्फत प्रतिकार्य–सेवा संचालन गर्दै आएको छ ।

**मेरो हाल सम्म नागरिता र विवाह दर्ता छैन जसले गर्दा मेरो छोरीको समेत जन्म दर्ता बनाउन सकेको थिईन । यसले गर्दा कक्षा १० मा पढ्ने मेरो छोरीको पढाई रोकिएको थियो । पहिले नागरिकता, वच्चाको जन्मदर्ता चाहिन्छ भन्ने ख्याल नै भएन । श्रीमान्ले पनि घरमा कहिल्यै लैजानु भएन, नागरिता, जन्मदर्ता बनाउने प्रयास नै गरिएन । स्कुलमा मात्र नभई जहाँ पनि वच्चाको जन्मदर्ता खोज्ने हुँदा केहि उपाय छ की भनी सल्लाहका लागि महिला मैत्री स्थलमा गएको थिएँ, आर्थिक अवस्था कमजोर भएको कारण लमजुङसम्म जान र आउन खर्च थिएन र यस संस्थाले चाहिने यातायात खर्च सहयोग गरेपछि आफ्नो श्रिमान्को घर लमजुङ गई नागरिकता बनाई फर्केको छु । नागरिकता पछि छोरीहरुको जन्मदर्ता समेत बन्ने भएकोले म ज्यादै खुसी छु । म अब नागरिकता बिना नै रहने र छोरीहरुको भविश्य पनि अन्धकार बनाउने भए भनी आफैलाई बारम्बार धिकार्दै आएको थिएँ । म निरास भइसकेको थिए यसरी सबै तिरबाट हार खाई सकेको अवस्थामा यस संस्थाले मेरो लागि ठूलो सहयोग गरेको छ, म असाध्यै खुशी छु ।**


# सिकाई तथा ज्ञान व्यवस्थापन


## महिलावादी दृष्टिकोण निर्माणमा सामाजिक संजाल


ओरेकले सञ्चालन गरेको सामाजिक सञ्जाल LINKEDIN मा शून्य फलोअर्सबाट सुरु गरेर, ८२ फलोअर्समा पुगेका छ, जबकि तीन महिनामा (अप्रिल-जुन) फेसबुकमा फलोअर्स १२,२२२ बाट १२,४३२ र इन्स्टाग्राममा १,२९३ बाट १,२९८ पुगेको छ। फेसबुक फलोअरको उमेर समूहमा २५ देखि ३४ वर्ष उमेर समूहका महिला बढी रहेको पाइएको छ जसमा ५३.७ प्रतिशत महिला छन् । त्यस्तै, इन्स्टाग्राम फलोअरको उमेर समूह २५ देखि ३५ सम्म रहेको र त्यसमध्ये ६९.९ प्रतिशत महिला रहेको पाइएको छ । ओरेकको सामाजिक संजालका पोस्टहरूले तिन महिनाको अवधिमा फेसबुकमा ६९पोस्ट, इन्स्ताग्राम ५१र LINKENDIN मा पोस्ट गर्नसफल भएको छ। जस्मा महिला हिंसा सम्बन्धिका मासिक प्रेस विज्ञप्ति, महिला अधिकार उल्लङ्घनका घटनाहरू विरुद्ध ध्यानाकर्षण पत्र , अन्तर्राष्ट्रिय र राष्ट्रिय दिवसहरू सम्बन्धि सुचना प्रकाशन, जनचेतनामूलक सन्देशहरू प्रकाशन तथा प्रसारण, महिला अधिकार र सामाजिक न्याय, वातावरणीय न्याय र महिला नेतृत्व सम्बन्धी जानकारी र समाचारहरू पोस्ट गर्दै आएको छ । यस्ता सामग्रीहरुको प्रकाशन रणनीतिक रुपमा सरोकारवालाहरुको जागरूकता बढाउन, संवादलाई प्रोत्साहन र कार्यलाई प्रेरित गर्न डिजाइन गरिएको हो। प्रणालीगत मुद्दाहरूलाई सम्बोधन गरेर र महिला आवाजलाई बढावा दिएर, यसले पितृसत्तात्मक संरचनालाई चुनौती दिदै सामाजिक न्यायको वकालत गर्ने लक्ष्य राखेको छ।

ओरेकले सामाजिक संजाल मार्फत महिला मानव अधिकारका सवालमा एकबद्ध हुदै सरोकारवालाहरुलाई यसका बारेमा जानकारीमूलक सुचना प्रेषण गरी अनलाइन समुदाय सिर्जना गर्ने लक्ष्य अनुरुप महिलावादी दृष्टिकोणहरू साझा मात्र गर्दैन अरुका विचारहरु समतेलाई सम्मान गर्दछ ।यस किसिमका सामग्रीहरुमा पहुँच विस्तार गर्न , महिलावादी सिद्धान्तहरूप्रतिको प्रतिबद्धता अग्रपङ्क्तिमा रहने गरेको छ , जसले सकारात्मक परिवर्तनलाई प्रभाव पार्ने र विश्वव्यापी महिलाहरूलाई सशक्तिकरण गर्ने संस्थाको प्रयासलाई अगाडि बढाउँछ।



# सिकाई तथा ज्ञान व्यवस्थापन

## पारिवारिक सहयोग, माया र छलफलद्वारा आपसी सम्बन्ध सुदृढ गर्ने पाइलट अध्ययनको नतिजा प्रकाशन

जुन ११, १४ र २८ मा, (ओरेक र सम्भवको सहकार्यमा पारिवारिक सहयोग, माया र छलफलद्वारा आपसी सम्बन्ध सुदृढ गर्ने पाईलट अध्ययनको नतिजालाई धनुषा, मोरङ र काठमाडौं जिल्लामा सरोकारवाला माझ सम्प्रेषण गरेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य मिलाप (MILPA) को बारेमा जानकारी, मिलापले प्रकाशन गरेको नतिजाको प्रसारण, यसका चुनौति र सिकाई बारे सरोकारवालाहरुसँग छलफल, यस विषयको अध्ययनको लागि आगामी बाटोको खोजीका बारेमा सम्बन्धित सरकारी निकायका प्रतिनिधिहरु र सरोकारवालाहरूलाई जानकारी गराउनु रहेको थियो । जिल्ला समन्वय समिति, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, समाज कल्याण परिषद्, विभिन्न पालिकाहरु, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय मानव अधिकार रक्षक (एनएचआरडी), तथा विभिन्न गैरसरकारी सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरु (आइपास, इन्सेक, एविसी नेपाल, अग्रणी सञ्जाल, माइती नेपाल, टिपिओ नेपाल, विराट नेपाल मेडिकल ट्रस्ट, युवा, सुनिता फाउण्डेसन, साझा धागो आदि), महिला सेल, पत्रकारहरुका प्रमुख तथा प्रतिनिधिको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमका अधिकांश प्रतिनिधिहरूले पारिवारिक सहयोग, माया र छलफलद्वारा परामर्श सत्रका कारण पारिवारिक सम्बन्धमा भएको अनुसन्धान र सुधारको प्रशंसा गरेका थिए र आगामी आरसीटी अध्ययनका लागि सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरेका थिए । यस किसिमका अनुसन्धानात्मक औजारहरु र त्यस सँग सम्बन्धित तथ्याङ्कहरुलाई प्रस्तुत गर्दा सहभागीको अवस्था, स्तर सान्दर्भिक हुनु पर्ने सुझाबहरु आएका थिए ।

निः सन्तानपनाको कारणबारे पनि यस किसिमका कार्यक्रममा छलफल गर्नुपर्ने पत्रकारहरुले छलफलका क्रममा बताएका थिए । उनीहरुका अनुसार, अत्यधिक गर्मीका कारण, खाडी देशहरूमा काम गर्ने धेरै पुरुषहरू बाँझोपनको सामना गरिरहेका छन्, यसबाहेक, निसन्तानपना समस्या पुरुष र महिला दुवैमा हुन सक्ने तर दम्पत्तीले सन्तान जन्माउन नसकेपछि महिलालाई नै निशाना बनाइन्छ । उनीहरुले परिमाणात्मक तथ्याङ्कमा पनि ध्यान दिन जोड दिएका थिए ।





# सिकाई तथा ज्ञान व्यवस्थापन


## सरोकारवालाहरुलाई विपद्को अवस्थामा हुने लैङ्गिक हिंसाको अवस्थाको जानकारी

महिला पुनरुस्थापना केन्द्र (ओरेक) ले स्नेह अभियान मार्फत अधिकारमुखी अवधारणा र महिलावादी दृष्टिकोण सहितको विपद् प्रतिकार्य सेवा प्रदान गर्दै महिलाको नेतृत्व विकासको अभियान सञ्चालन गरिरहेको छ। २०८० कार्तिक १७ गते जाजरकोट केन्द्रविन्दु बनाएर गएको ६.४ म्याग्निच्युटको भूकम्प पश्चात्, ओरेकले जाजरकोट र रुकुम जिल्लाका विभिन्न पालिकाहरुमा ८ वटा स्नेह केन्द्र सञ्चालन गर्‍यो। २०२४ जनवरीदेखि अप्रिलसम्म, महिलामैत्री स्थलहरूबाट १०९ महिला हिंसाका घटनाहरू तथ्यांक संकलन भएका छन्।

विपद्को समयमा लैङ्गिक हिंसा प्रतिकार्य सेवाहरूलाई आपत्कालीन सेवाको रूपमा संस्थागत गर्न र मनोविमर्श तथा यौन तथा प्रजनन् स्वास्थ्य सेवाहरूलाई राहत प्याकेजमा समेट्न आवश्यक छ। महिलावादी विपद् प्रतिकार्यको लागि, महिलाको सुरक्षित वातावरण निर्माण, हिंसाको जोखिम न्यूनिकरण, र आवश्यक सेवा प्रदान गर्न महिलाको नेतृत्वलाई सुनिश्चित गर्नु जरुरी छ।

यसका लागि, विपद् व्यवस्थापनको चक्रमा अन्तर्विविधतालाई सम्बोधन गर्दै योजना निर्माण, निर्णायक प्रक्रिया, तथा कार्यान्वयनको प्रक्रियामा महिलाको सहभागिता र नेतृत्व सुनिश्चित गर्न जरुरी छ। सम्बन्धित निकायले महिलालाई प्रभावित समुदायका रूपमा मात्र नलिई, उनीहरूको नेतृत्वको अधिकार सुनिश्चित गर्ने नीतिगत संयन्त्र विकासमा ध्यान दिनु आवश्यक छ।


क) महिला हिंसाको प्रकार



# सिकाई तथा ज्ञान व्यवस्थापन

## महिला मानव अधिकारको अवस्था विश्लेषण सामग्री प्रकाशन

ओरेकले आफ्नो स्थापनाका लदेखि स्थानीय तहदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा महिला मानव अधिकारका सवाललाई उठान गर्दै महिलाको अधिकार सुनिश्चितताका लागि आफ्ना अभियानहरु सञ्चालन गर्ने क्रममा यस संस्थाले महिला मानव अधिकारका सवालमा सडकदेखि सदन र आवाजदेखि कलमका माध्यमबाट पितृसत्तात्मक सोच, विभेदकारी व्यवहार र संरचनागत विभेदको विरुद्धमा आफ्ना अभियान र पैरवीहरु सञ्चालन गर्दै आएको छ । हालको बजार नियन्त्रित नव–उदारवादी नीतिहरू, बढ्दो कट्टरवाद, सैन्यकरण, र विश्वव्यापी कर्पोरेट हावी हुँदा मुख्य रूपमा महिला माथिको अधिनता, शरीर माथिको नियन्त्रण, कामको अधिकार, गतिशिलताको अधिकारमाथिको अंकुश, महिला हिंसा र उनीहरूको जीवनलाई प्रत्यक्ष असर गर्ने सबै क्षेत्रहरू जिम्मेवार छन् त्यसमा पनि मौलाउदै गएको दण्डहीनता र उदासीन राज्य र राज्यको नीतिले गर्दा महिला अधिकार झनझन कुण्ठित बन्दै गएको छ । यसैका सवालमा पैरवी गर्दै यस अवधिमा ओरेकका तर्फबाट संस्थापक अध्यक्षद्धारा महिलालाई हेर्ने दृष्टिकोणका कारण निम्तिएका समस्या, मौलाएको पुँजीवाद र पुरुषसत्ता, महिलाको प्रजनन् स्वास्थ्य अधिकारको अवस्था, महिलाको श्रम, शरीर र पहिचानका सवालमा विभिन्न १० वटा विचार सहितका लेख तथा फिचरहरु प्रकाशन भएको छ । जुन प्रकाशनले हालका दिनहरुमा महिला मानव अधिकारको अवस्थालाई उजागरगरेको र पैरवी सवालको प्रथामिकिरण गरेको पाईन्छ ।


आफ्नै शरीरमाथि छैन महिलाको नियन्त्रण

- डा. रेणु अधिकारी

| बुधवार, चैत २८, २०८०




विचार

पुरुष,परिवार र पारपाचुके

- सोचमा परिवर्तन हुनुपर्छ
- पितृसत्ताका पीडा
- पाठेघर सृष्टिको मुहान कि पीडाको खानी?
- महिला हिंसा सम्बोधनका लागि लगनशीलता
- आफ्नै शरीरमाथि छैन महिलाको नियन्त्रण
- पुरुष,परिवार र पारपाचुके
- 'मूल्याङ्कन नहुँदा महिलाको कामले सम्मान पाएन'
- सरकारले नसुनेको नि:सन्तान पीडा
- छुटिरहेको यौनिकता बहस
- पुँजीवादभित्रको पुरुषसत्ता